**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १४ गते बुधबार ❑ 28 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## कास्कीमा अबदेखि भारतीय सवारी साधनहरूको अनुगमन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

पोखरा र कास्कीका प्रमुख पर्यटकीय गन्तव्यतर्फ भारतीय निजी सवारी साधनहरू प्रयोजन विपरीत सञ्चालन हुँदा स्थानीय पर्यटन तथा यातायात व्यवसायी प्रत्यक्ष रूपमा मर्कामा परेपछि अब ती सवारी साधनहरूको कडाइका साथ अनुगमन हुने भएको छ।



भारतीय सेतो नम्बर प्लेटका निजी सवारी साधनहरूले भारतबाटै यात्रु बोकेर पोखरा, मुस्ताङ, मुक्तिनाथ, मनाङल गायतका पर्यटकीय गन्तव्यसम्म सिधै ओसारपसार गर्न थालेपछि स्थानीय व्यवसाय धरासायी बन्दै गएको भन्दै नेपाल पर्यटक यातायात व्यवसायी संघ, गण्डकी प्रदेशले जिल्ला प्रशासन कार्यालय कास्कीमा औपचारिक रूपमा ध्यानाकर्षण पत्र बुझाएको थियो। व्यवसायीको गुनासोलाई गम्भीर रूपमा लिँदै जिल्ला प्रशासन कार्यालय कास्कीले भारतीय सवारी साधनको चेकजाँच तथा नियमनका लागि जिल्ला प्रहरी कार्यालय कास्की र यातायात व्यवस्था कार्यालय सवारी, कास्कीलाई पत्राचार गरी प्रभावकारी अनुगमन गर्न निर्देशन दिएको छ। नेपाल पर्यटक यातायात व्यवसायी संघका अध्यक्ष दुर्गादत्त दाहालले प्रशासनको उत्तः निर्णयले आफुहरुमा ठूलो राहत मिलेको बताउनु भयो। "नेपालमै महँगो मूल्य तिरेर सवारी साधन सञ्चालन गर्नुभएको छ, तर भारतीय निजी गाडीहरूले बिना रुट परमिट सिधै पर्यटक बोकेर गन्तव्यसम्म पुग्दा हाम्रो व्यवसाय संकटमा परेको छ," उहाँले भन्नुभयो "प्रशासनको पछिल्लो कदमले अब केही हदसम्म समस्या समाधान हुने हामीलाई विश्वास छ।" भारतमा करिब २० लाख रुपैयाँ पर्ने सवारी साधन नेपालमा ७०-८० लाख रुपैयाँसम्म खर्च गरेर चलाउनुपर्ने अवस्था छ। यस्तो असमान प्रतिस्पर्धाका बीच भारतीय निजी सवारी साधनले प्रयोजनविपरीत यात्रु बोक्दा तपाईंको आम्दानी घट्नु स्वाभाविक भएको व्यवसायीहरूको गुनासो छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख सुजितकुमार देवकोटाले तपाईंहरूबाट आएको गुनासोको आधारमा अब रुट परमिट, भन्सार जाँचपास र अनुमति पत्रको कडाइका साथ अनुगमन गरिने जानकारी दिनुभएको छ। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा तथा प्रहरी प्रमुख एसपी नवीन कार्कीको निर्देशनअनुसार निगरानी बढाइएको उहाँको भनाइ छ। यता, होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले भारतीय सवारी साधन प्रयोग गरेर एकै दिनमा तराईदेखि उच्च हिमाली क्षेत्रसम्म पर्यटक पुऱ्याउँदा स्वास्थ्य समेत जोखिममा पर्ने चेतावनी दिनुभएको छ। लेक लाग्ने समस्या र सडक दुर्घटनाको सम्भावना बढ्ने भएकाले व्यवस्थापन अनिवार्य भएको उहाँको भनाइ छ।

अब भारतीय निजी सवारी साधनलाई पोखरासम्म मात्र ल्याएर यहीं पार्किङ गराई मुस्ताङ, मनाङ जस्ता गन्तव्यमा नेपाली सार्वजनिक तथा पर्यटक सवारी साधन प्रयोग गराउन व्यवसयीहरुको माग रहेको छ।

## स्वास्थ्य बिमामा तीनै तहका सरकारको लगानी आवश्यक: मन्त्री गौतम

**पोखरापत्र संवाददाता**
पर्वत, १३ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले स्वास्थ्य बिमालाई प्रभावकारी रूपमा सञ्चालन गर्न तीन वटै तहका सरकारले लगानी गर्नुपर्नेमा जोड दिनुभएको छ।



मंगलबार बिहान प्रदेश अस्पताल पर्वतको निरीक्षण गर्दै मन्त्री गौतमले सङ्घीय सरकारको मात्र बजेटले स्वास्थ्य बिमा कार्यक्रमलाई अपुग भएकाले प्रदेश सरकार र स्थानीय तहहरूले समेत बजेट विनियोजन गर्नुपर्ने बताउनुभयो। अहिले पनि थुप्रै अस्पतालले स्वास्थ्य बिमाको बजेट नपाएको गुनासो आइरहेको बताउँदै सरकारसँग बजेट अभाव भएकै कारण भुक्तानी दिन नसकिएको बताउनुभयो।

अर्थ मन्त्रालयमा माग गर्दा बजेट नभएको भनेपछि स्वास्थ्य मन्त्रालयकै बजेटबाट झन्डै रु एक अर्ब बिमा बोर्डलाई भुक्तानी भएको उहाँको भनाइ छ।

मन्त्री गौतमले आफूले विभिन्न प्रदेशअन्तर्गतका बैठकमा प्रदेश सरकार र स्थानीय तहका जनप्रतिनिधिलाई आगामी बजेटमा स्वास्थ्य बिमाका लागि पनि रकम विनियोजन गर्न आग्रह गरेको बताउनुभयो। मन्त्री गौतमले स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउनका लागि अहिलेको सरकारले निरन्तर पहल गरिरहेको बताउनुभयो।

सरकारी स्वास्थ्य संस्थाहरूमा पर्याप्त औषधि, जनशक्ति र उपकरणको व्यवस्थापन हुनुपर्नेमा जोड दिँदै मन्त्री गौतमले नागरिकलाई आधारभूत स्वास्थ्य सुविधाका पुऱ्याउनका लागि विभिन्न नीति र योजना बनाउनुनपर्ने बताउनुभयो। उहाँले निर्वाचन आचारसंहिता लागिसेककाले कतिपय कामहरू अघि बढाउन नसकिएको बताउनुभयो। उहाँले गत भदौ २३ र २४ गतेको आन्दोलनमा घाइते भएका जेनजीहरूको उपचारका लागि सरकारले कुनै पनि कसर बाँकी नराख्ने बताउनुभयो। उहाँले घाइतेको उपचारमा कुनै समस्या नभएको तर अङ्ग प्रत्यारोपण गर्नुपर्नेहरूको व्यवस्थापनमा सरकार लागिरहेको बताउनुभयो। उहाँले सहिदपरिवारहरूले विभिन्न सेवासुविधा माग गरिरहेकाले सरकारले आवश्यक छलफल गरिरहेको जानकारी दिनुभयो।

मन्त्री गौतमले आगामी फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। सरकारका तर्फवाट सम्पूर्ण तयारी भइरहेको उल्लेख गर्दै उहाँले राजनीतिक दल, मतदाता र युवा पुस्ताले पनि सहयोग गर्न आग्रह गर्नुभयो। आफ्नो कार्यकाल छोटो भए पनि आगामी सरकारले अघि बढाउने गरी स्वास्थ्य क्षेत्रमा केही सुधारका कामहरू गरिरहेको उहाँको दाबी रहेको छ। सो अवसरमा प्रदेश अस्पताल पर्वतका अध्यक्ष याम परियारले अस्पतालका लागि आवश्यक जनशक्ति, उपकरण, बिमा बापतको रकम उपलब्ध गराई दिनेलगायत विभिन्न माग समेटिएको मागपत्र पेस गर्नुभएको थियो। उहाँका अनुसार उक्त अस्पतालले बिमा बापतको रु तीन करोड भुक्तानी पाउन बाँकी छ।

## गण्डकीका ३५ सहकारी खारेज

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश पोखराले गण्डकीमा निष्क्रिय रहेका ३५ सहकारी खारेज गरेको छ।

संस्थाले यही माघ १० गते नौवटा विभिन्न प्रकृतिका सहकारी संस्थाको दर्ता खारेजी गरेको जनाएको छ। कार्यालयले यसअघि २६ सहकारी खारेज गरिसकेको छ। गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ७१ उपदफा (३) अनुसार लगातार दुई वर्ष कुनै पनि कारोबार नगरी निष्क्रिय रहेका सहकारीको दर्ता खारेजी गरिएको रजिष्ट्रार कार्यालयले यही माघ १० गते सार्वजनिक सूचना जारी गरी जानकारी गराएको छ। कार्यालयको माघ ९ गतेको निर्णयानुसार स्याङ्जाका चार, पर्वतका चार र नवलपुरको एक गरी नौवटा सहकारीको दर्ता खारेज गरिएको हो। निष्क्रिय सहकारीहरूलाई गत असार १५ गते ३५ दिने सार्वजनिक सूचना जारी गरी अद्यावधिक गर्न आह्वान गरिएको भए पनि अद्यावधिक हुन नआएकामध्ये यसपटक नौवटा खारेज गरिएको र केही सहकारी खारेजीको चरणमा रहेको सहकारी रजिष्ट्रार भेषराज रिजालले जानकारी दिनुभयो। बागलुङमा पनि लामो समयदेखि निष्क्रिय रहेका र अद्यावधिकमा नआएका सहकारीहरूलाई खारेज गर्ने तयारी गरिएको रिजालले बताउनुभयो। निष्क्रियरहेकासहकारीहरूकोदायित्व बाँकी रहेमा सञ्चालकको जिम्मामा रहने गरी खारेज गर्ने प्रक्रिया अगाडि बढाइएको हो। रजिष्ट्रार कार्यालयले गण्डकी प्रदेश नियमन क्षेत्राधिकारमा रहेका हालसम्म ३५ वटा सहकारी सङ्घसंस्थाको खारेजी गरेको छ। खारेज भएका सहकारीमा सबैभन्दा बढी १२ वटा स्याङ्जा, त्यसपछि गोरखाका ६, पर्वतका पाँच, तनहुँका चार, कास्कीका तीन, म्याग्दीका दुई, लमजुङ, बागलुङ र नवलपुरका एक-एकवटा सहकारी खारेज भएको सहकारी रजिष्ट्रार रिजालले जानकारी दिनुभयो। गण्डकी प्रदेश सहकारी ऐनमा भएको व्यवस्थाअनुसार लगातार दुई वर्षसम्म कुनै पनि कारोबार नगरी निष्क्रिय रहेको पाइएमा दर्ता अधिकारीले सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ भन्ने व्यवस्थाअनुसार अद्यावधिक हुन नआएका, लगातार दुई वर्षसम्म विवरण पेस तथा प्रतिवेदन पेस नगरी निष्क्रिय रहेका सहकारी संस्थाको खारेजी गर्ने प्रक्रिया अगाडि बढाइएको रजिष्ट्रार रिजालले जानकारी दिनुभयो। रजिष्ट्रार कार्यालयले खारेज भएका सहकारी संस्थाले तिर्न बुझाउनुपर्ने कुनै दायित्व रहे, भएमा संस्थाका सञ्चालकलगायत जिम्मेवार पदाधिकारी/व्यक्तिहरूले तिर्न बुझाउनसमेत जानकारी गराएको छ। माघ ९ गतेको निर्णयानुसार खारेज हुनेमा स्याङ्जाको वालिङ नगरपालिकास्थित टापु भञ्ज्याङ कृषि सहकारी संस्था लिमिटेड, सोही पालिकाको कटौजे अदुवा उत्पादक सहकारी संस्था लिमिटेड, चापाकोटा गाउँपालिकाको खड्क कालो कृषि सहकारी संस्था लिमिटेड, सोही पालिकाको सरोवर कृषि सहकारी संस्था लिमिटेड रहेका छन्। यस्तै पर्वतको कुश्मा नगरपालिकामा रहेको गहते पखरा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, प्रगति कफी सहकारी संस्था लिमिटेड, पूर्णेश्वर कफी सहकारी संस्था लिमिटेड, पर्वत आदर्श नमूना कृषि सहकारी संस्था लिमिटेड तथा नवलपरासी (ब.सु.पूर्व) स्थित हुप्सेकोट गाउँपालिकाको भूपूसैनिक सहकारी संस्था लिमिटेड खारेज भएका हुन्।

**सहिदप्रति सम्मान गरौं**

◆सहिद राष्ट्रिय गौरव हुन्।
◆सहिदको बलिदान र योगदानको स्मरण गरौं।
◆सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं।
◆सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं।
◆देश प्रेम र एकताको भावना जागृत गराऔं।
◆सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं।

सहिदको सपना साकार गरौं,
देश विकासमा सबै नेपाली जुटौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नवप्रवर्तन कार्यक्रमका लागि गण्डकीका आठ स्थानीय तह छनोट

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

गण्डकी प्रदेशमा नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि छ स्थानीय तह छनोट भएका छन्।

नवलपुरको देवचुली नगरपालिका, स्याङ्जाको पुतलीबजार नगरपालिका, गोरखाको सहिद लखन गाउँपालिका, गोरखा नगरपालिका, तनहुँको म्याग्दे र ऋषिङ गाउँपालिका, लमजुङको बेँसीसहर नगरपालिका र मुस्ताङको घरपझोङ गाउँपालिका छनोटमा परेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

उक्त कार्यक्रमका लागि विभिन्न स्थानीय तहबाट २९ वटा प्रस्ताव पेस भएकामा प्रदेश छनोट तथा सिफारिस समितिले मूल्याङ्कन गरी आठवटा परियोजना प्रस्ताव स्वीकृत भएको कार्यालयका उपसचिव पार्वती लामिछानेले जानकारी दिनुभयो। नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि सङ्घीय ससर्ततर्फको रु चार करोड १० लाख बजेट विनियोजन भएको उहाँले बताउनुभयो। "नवप्रवर्तन

बाँकी अन्तिम पृष्ठमा ▶▶

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टाइगर कप भलिबलमा पुलिसविरुद्ध गण्डकीको सहज जित

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लव च्याम्पियनसिपमा गण्डकी प्रदेशले नेपाल पुलिस क्लबमाथि सहज जित निकालेको छ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा जारी च्याम्पियनसिपअन्तर्गत आजको चौथो तथा अन्तिम खेलमा पुरुषतर्फ गण्डकीले पुलिसलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । गण्डकीले पहिलो सेट २५-२२, दोस्रो सेट २५-२० र तेस्रो सेट २५-१४ ले आफ्नो पक्षमा पार्‍यो ।




यसअघि आजै भएको खेलमा पुरुषतर्फ पर्वत जिल्ला भलिबल संघले माल्दिभ्स भलिबल एसोसियसनलाई ३-० को सोझो सेटले पराजित गरेको थियो । पर्वतले पहिलो सेट २५-१७, दोस्रो सेट २५-१८ र तेस्रो सेट २५-१६ ले जित निकालेको थियो। यसअघिका महिलातर्फका खेलमा न्यू डायमण्ड स्पोर्ट्स क्लब र थाइल्याण्ड क्विन्सले जित निकालेका थिए। न्यू डायमण्डले नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा हराउँदै फाइनलमा स्थान पक्का गरेको हो । यस्तै थाइल्याण्डले आर्मीलाई ३-० को सोझो सेटमा हराउँदै फाइनलको सम्भावना जिवित राखेको छ । थाइल्याण्डले पहिलो सेट २५-११, दोस्रो सेट २५-२१ र तेस्रा सेट २५-१६ ले सहज जित निकालेको हो।

च्याम्पियनसिपअन्तर्गत भोलि बुधबार ४ खेल हुनेछन् । पहिलो खेल महिलातर्फ एपीएफ र पुलिसबिच हुनेछ । उक्त खेल बिहान साढे ८ बजेबाट सुरु हुनेछ। त्यसपछि महिलातर्फ नै न्यू डायमण्ड र थाइल्याण्ड क्विन्स भिड्नेछन् । भोलिको तेस्रो खेल पुरुषतर्फ पुलिस र माल्दिभ्सबिच हुनेछ। त्यसपछि भोलिको अन्तिम खेल एपीएफ र आर्मीबिच हुने तालिका छ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा माघ १७ गतेसम्म चल्ने च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी छन् । सिंगल राउण्ड रोविनको आधारमा भएको प्रतियोगितामा शीर्ष दुईमा रहने टोली उपाधिका लागि भिड्ने छन् । महिलातर्फको फाइनल खेल माघ १६ गते र पुरुषतर्फको फाइनल खेल माघ १७ गते हुनेछ।

# क्षेत्र नम्बर १ मा कांग्रेसद्वारा विभिन्न समितिहरू गठन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

नेपाली कांग्रेसले कास्कीको क्षेत्र नम्बर १ मा प्रतिनिधिसभाको निर्वाचनलाई लक्षित गरी विभिन्न समितिहरु गठन गरेको छ।

क्षेत्रीय भेलाले क्षेत्रीय सभापति राजेन्द्रमणि लामिछानेको संयोजकत्वमा ११११ सदस्य रहेको चुनाव प्रचारप्रसार समिति गठन गरिएको नेपाली कांग्रेस कास्कीका सहसचिव नवीन सिग्देललाई जानकारी दिनुभयो । अमर बहादुर केसीको संयोजकत्वमा अर्थ व्यवस्थापन समिति, अप्सरा श्रेष्ठको संयोजकत्वमा महिला परिचालन तथा समन्वय समिति, डम्बरजंग गुरुङको संयोजकत्वमा युवा परिचालन समिति, नवीन सिग्देलको संयोजकत्वमा सूचना सञ्चार तथा प्रविधि समन्वय समिति, देवीप्रसाद कुइकेलको संयोजकत्वमा यातायात व्यवस्थापन समिति, विकास लामाको संयोजकत्वमा भातृ संस्था समन्वय समिति गठन गरेको छ । त्यस्तै राजीव भण्डारीको संयोजकत्वमा नवयुवा जेन्जी परिचालन समन्वय समिति, रसिक हरि भण्डारीको संयोजकत्वमा नेपाल विद्यार्थी सङ्घ एवं विद्यार्थी परिचालन समिति, बुद्धिमान गुरुङको संयोजकत्वमा अन्तरजिल्ला सम्पर्क समन्वय समिति, लेखबहादुर गुरुङको संयोजकत्वमा अन्तर्राष्ट्रिय जनसम्पर्क समिति, अमर धितालको संयोजकत्वमा सांस्कृतिक क्षेत्र परिचालन समिति, देवराज बरालको संयोजकत्वमा प्रजातन्त्र सेनानी तथा जेष्ठ नागरिक समन्वय समिति, राम गुरुङको संयोजकत्वमा तमु सङ्घ परिचालन समिति, मिलन तिवारीको संयोजकत्वमा सामाजिक संघसंस्था समन्वय समिति, शान्ति खनालको संयोजकत्वमा आमा समूह एवं टोल समन्वय समिति र बाबुराम गिरीको संयोजकत्वमा उद्योग वाणिज्य क्षेत्र समन्वय समिति गठन गरिएको ओम प्रकाश गुरुङले जानकारी दिनुभयो । आवश्यक अन्य समितिहरू क्रमश विस्तार गर्दै लगिने बताइएको छ।

# भद्रकाली क्याम्पस इकाई समितिमा नरेन्द्रबाबुको नयाँ अध्याय

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

भीडमा उभिँदा उनी चर्को स्वरमा बोल्दैनन् । अनुहारमा सधैँ मन्द मुस्कान खेलिरहन्छ। कसैसँग भेट हुँदा आँखामा अपनत्व झल्किन्छ । पहिलो भेटमै जो-कोहीलाई सहज बनाइदिने स्वभाव उनका परिचय हुन् । तर यही सरल देखिने व्यक्तित्वभित्र एउटा अडिग बानी पनि लुकेको छ । सत्य, न्याय र इमानदारीका पक्षमा कहिल्यै नझुक्ने स्वभाव । यिनै विशेषता बोकेका नरेन्द्रबाबु घिमिरे आज भद्रकाली बहुमुखी क्याम्पसको प्राज्ञिक यात्रामा नयाँ अध्यायमा प्रवेश गरेका छन् । पोखराको शैक्षिक जगतमा नरेन्द्रबाबु घिमिरे कुनै औपचारिक नाम मात्र होइनन्, एउटा अनुभूति हुन् ।



शिक्षण पेशालाई सेवाको रूपमा बुझ्ने, कक्षाकोठालाई संस्कार सिकाउने थलो बनाउने र विद्यार्थीको आँखामा सपना रोप्ने शिक्षकका रूपमा उनी परिचित छन्। आजको समयमा धेरै मानिस मन जित्न चिप्लो बोली बोल्छन् । तर नरेन्द्रबाबु तथ्यमा अडिन्छन् । उनको खरोपन कसैलाई सुरुमा कडा लाग्न सक्छ, तर समयसँगै बुझिन्छ–त्यो कठोरता होइन, जिम्मेवारीको इमानदार अभिव्यक्ति हो । घिमिरेले व्यक्तिलाई होइन, प्रवृत्तिलाई प्रश्न गर्छन् । त्यसैले उनको आवाज रिस होइन, विवेक जस्तो लाग्छ। बोली जति खरो भए पनि मन भने सधैँ सफा । यही निष्ठा र विश्वासका कारण हालै सम्पन्न पब्लिक क्याम्पस प्राध्यापक संघ, भद्रकाली बहुमुखी क्याम्पस इकाई समितिको १५औँ साधारण सभा तथा पाँचौँ अधिवेशनले उनलाई सर्वसम्मत रूपमा सभापतिमा चयन गरेको छ । समितिको उपसभापतिमा शुक्रराज सुवेदी, सचिवमा विष्णुप्रसाद दाहाल र कोषाध्यक्षमा सरल स्वभाव शान्त मन भएका विकास सापकोटा तेस्रो पटक चयन भएका छन् । सदस्यहरूमा क्रमशः दिवाकर जैसी, गोविन्द गौतम, माधवराज घिमिरे, उमेश आचार्य र सदिक्षा सुवेदी रहेका छन् । घिमिरेको यात्रामा अब अर्को जिम्मेवारी थपिएको छ। यो केवल पद होइन, उनको सरलता, निष्ठा र समर्पणप्रतिको सामूहिक सम्मान हो । पब्लिक क्याम्पस प्राध्यापक संघ, भद्रकाली बहुमुखी क्याम्पस इकाई समितिका अध्यक्ष बुद्धिसागर सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इकाई सचिव शुक्रराज सुवेदीले सञ्चालन गरेका थिए भने कोषाध्यक्ष विकास सापकोटाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । अधिवेशन शान्त वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन निर्वाचन मण्डलमा लोकचन्द्र खनाल र शोभाकान्त सिग्देलको भूमिका रहेको थियो । मन्द मुस्कान, स्पष्ट सोच र अडिग निष्ठाका साथ नरेन्द्रबाबु घिमिरे अब भद्रकाली क्याम्पसको शैक्षिक यात्रालाई अझ उचाइतर्फ डोर्‍याउने जिम्मेवारीमा अघि बढेका छन् ।

# नवप्रवर्तन ...

साझेदारी कार्यक्रम सञ्चालन कार्यविधिअनुसार स्थानीय तहले अनुदान प्राप्त गर्छन्, बढीमा ३० प्रतिशत स्थानीय तहको साझेदारी रहन्छ", उपसचिव लामिछानेले भन्नुभयो । नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत देवचुली नगरपालिकामा कृषक पाठशाला परियोजना, पुतलीबजार नगरपालिकामा मुस्लिम समुदाय लक्षित उद्यम विकास तथा व्यवसाय प्रवर्द्धन परियोजना र सहिद लखन गाउँपालिकामा मनकामना फोहरमैला व्यवस्थापन परियोजना सञ्चालन हुने भएको छ।

यसैगरी, म्याग्दे गाउँपालिकामा बालबालिकाको शैक्षिक विकास, घरपझोङ गाउँपालिकामा फोहर सङ्कलन तथा व्यवस्थापन केन्द्र, बैंसीसहर नगरपालिकामा मौरीजन्य उत्पादन प्रवर्द्धन, ऋषिङ गाउँपालिकामा मौरी उद्योग र गोरखा नगरपालिकामा मटका घरबास 'होमस्टे' परियोजना अगाडि बढाइने भएको हो। प्रदेश तथा स्थानीय शासन सबलीकरण परियोजनाअन्तर्गत सञ्चालित यस कार्यक्रमबाट प्रदेश तथा स्थानीय तहलाई सक्षम र उत्तरदायी बनाउन सहयोग पुर्‍याउने लक्ष्य छ । यस वर्ष प्रदेशका १५ वटा स्थानीय तह छनोट भई परियोजना कार्यान्वयनको चरणमा छ।

# सुशासन र समृद्धिको पक्षमा उम्मेदवारी रश्मी आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा नेकपा एमालेको तर्फवाट कास्की निर्वाचन क्षेत्र नं. २ को उम्मेदवार रश्मी आचार्यले मुलुकमा सुशासन र समृद्धिको पक्षमा दृढताका साथ उभिने बताउनु भएको छ।



पोखरा महानगरपालिका वडा नं. ११ मा आज आयोजित युवा भेलालाई सम्वोधन गर्दै उहाँले युवामैत्री ऐन कानून तथा निती निर्माणमा जोट्ने विश्वाव व्यक्त गर्नुभयो । राष्ट्रियताको रक्षासंगै मुलुकको समग्र विकासमा जुट्नु युवा वर्गलाई आग्रह गर्नुभयो ।

नेकपा एमाले केन्द्रिय सदस्य समेत रहनु भएका आचार्यले भन्नुभयो, एमाले राष्ट्रिय स्वाभिमानको पहरेदार भएर उभिएको उल्लेख गर्दै युवाले उठाएका बिषयलाई पार्टीले प्रकाशन गर्ने संकल्प पत्रमा समेटने विश्वास व्य प्रतिवद्धता गर्नुभयो । युवालाई शिक्षासंगै अतिरिक्त कृयाकलापमा समेत जोड्नु पर्ने आवश्यकता औल्याउँदै उहाँले भन्नुभयो, छिमेकी मुलुकसंग सुमधुर सम्वन्ध कायम गर्दै समृद्धिको अभियानमा जोड्नु पर्नेमा उहाँको जोड थियो। कार्यक्रममा नेकपा एमाले पोखरा महानगर कमिटी अध्यक्ष जिवन आचार्य युवा शासिस गुरुङ्ग सहितका युवा अन्तर कृया कार्यक्रममा सहभागिता जनाउँदै गरेका प्रतिवद्धतालाई कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता औल्याउनुभयो।

उहाले आजै सोही वडाका पार्टी कार्यकर्ता र जनतासंग भेटघाट गर्नुभएको थियो। भेटघाट कार्यक्रमा निर्वाचनमा मात्र केन्दित नभई जनताका समस्या समाधानका लागि जनप्रतिनिधिले ध्यान दिनु पर्ने आवश्यकता औल्याएको थियो।

# फ्रेङ्कलिन कप फुटसल प्रतियोगिता माघ २२ गतेदेखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

पोखराको फ्रेङ्कलिन एजुकेसन कन्सल्टेन्सीको आयोजनामा फ्र्याङ्कलिन कप फुटसल प्रतियोगिता हुने भएको छ।

प्रतियोगिता माघ २२ गतेदेखि २५ गतेसम्म पोखरा रंगशालाको कभर्ड हलमा सञ्चालन हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रतियोगिता अन्तर्गत इन्टर कलेज फुटसल टुर्नामेन्ट तथा ओपन गर्ल्स फुटसल टुर्नामेन्ट आयोजना गरिने भएको फ्र्याङ्कलिन एजुकेसन कन्सल्टेन्सीका सञ्चालक युवा व्यावसायी कमल खडकाले बताए।। इन्टर कलेज तर्फ प्रथम हुने टोलीले ८० हजार रुपैयाँ र द्वितीय हुने टोलीले ४० हजार रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । साथै उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही ३ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

खुल्ला महिला तर्फ प्रथम हुने टोलीले १० हजार र द्वितीय टोलीले ८ हजार रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । खेलकुद मार्फत युवाको क्षमता अभिवृद्धि र महिला सहभागिता प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको खडकाको भनाइ छ। प्रतियोगिताले शिक्षा र खेलकुदलाई जोड्न भूमिका खेल्ने बताउँदै शिक्षासँगै खेलकुद पनि विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अत्यन्त आवश्यक रहेको उनले जनाए।

त्यसैगरी, खेल संयोजक विकास गुरुङले युवामा खेलकुदको रुचि बढाउने र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । खेलमार्फत अनुशासन, सामूहिक भावना र आत्मविश्वास विकास हुने उनले विश्वास व्यक्त गरे।

खेलका लागि माघ २० गते भित्र नाम दर्ता गर्न सकिने आयोजकले जनाएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष याम्बी आस्थाले खेलकुदको विकासको लागि कन्सल्टेन्सिले उक्त प्रतियोगिता गर्नु प्रशंसनीय कार्य भएको बताए।

# व्यवसायी लामिछानेको नेतृत्वमा लेखनाथ होटल तथा रेष्टुरेन्ट एसोसिएसनको नयाँ कार्यसमिति चयन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

होटल तथा रेष्ट्रेष्ट एसोसिएसन लेखनाथको १८औँ वार्षिक साधारणसभा तथा सातौँ अधिवेशनबाट सुरेस लामिछानेको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको छ।



संस्थाको सोमबार सम्पन्न अधिवेशनबाट उपाध्यक्षमा विष्णुहरि सुवेदी, महासचिवमा शक्तिश्री कोइराला, कोषाध्यक्षमा मुक्ति सुवेदी र सचिवमा रोजेन्द्र सुवेदी निर्वाचित बन्नुभएको छ। समितिका सदस्यमा प्रकाश सापकोटा, निर्मला थकाली, अमृत लामिछाने, रविभक्त थापा, अनिल ढकाल र ओम श्रीस मगर रहनुभएको छ। अधिवेशनका लागि संस्थाका सल्लाहकार एवं पूर्वअध्यक्ष दामोदरभक्त थापाको संयोजकत्वमा पूर्वअध्यक्ष कृष्णप्रसाद तिमिल्सेना र अर्जुन लम्साल रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । यसअघि कार्यक्रमको उद्घाटन गर्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरामा आउने पर्यटनको बसाइ लम्ब्याउनका लागि लेखनाथ क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यको विकास गर्नु जरुरी रहेको बताउनुभयो। कार्यक्रममा पोखरा महानगरपालिका-३१ का वडाध्यक्ष ढकनाथ कँडेल, लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष जानुका पराजुली, पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरि भुजेल, पोखरा महानगरपालिका व्यावसायिक प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारी, पोखरा भ्रमण वर्षका सहसंयोजक दामोदरभक्त थापालगायतले लेखनाथ क्षेत्रका पर्यटकीय गन्तव्यको प्रवर्द्धनसँगै विकास गर्न सकेमा पोखरा आउने पर्यटकको बसाइ लम्बिने धारणा राख्नुभयो । होटल तथा रेष्टुरेष्ट एसोसिएसन लेखनाथका अध्यक्ष वीरभद्र कँडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष शक्तिश्री कोइरालाले आर्थिक प्रतिवेदन र सुरेश लामिछानेले प्रगति प्रतिवेदन एवं भावी कार्यक्रमबारे जानकारी गराउनुभयो । सातवटा तालसँगै लेखनाथ क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन निरन्तर क्रियाशील एसोसिएसनमा करिब एक सयभन्दा बढी होटल व्यवसायी सदस्य रहनुभएको कार्यक्रममा जानकारी गराइयो । सात तालको बगैँचा सहरका रूपमा उपमा पाएको लेखनाथ नगरपालिका क्षेत्रभित्र रहेका होटल तथा रेष्टुरेन्ट व्यवसायीको साझा संस्था एसोसिएसनले यस क्षेत्रको पर्यटकीय विकासका लागि नेतृत्वदायी भूमिका निर्वाहसँगै 'जाउँ है बेगनास' लगायतका विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# नीति नल्याई प्रधानमन्त्रीको घोषणा

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनमा तीन दलले प्रधानमन्त्रीको प्रस्ताव गरेर अगाडि बढेका छन्। प्रधानमन्त्रीको घोषणा गरेर गएका दलहरूले घोषणापत्र भने सार्वजनिक गरेका छैनन्। नीति भन्दा नेता प्रधान मानेर जाँदा संसदीय निर्वाचनको मान्यता बाहिर गएको छ। नेपालमा हरेक चुनावमा नायक खोज्दै जाँदा अहिले घोषणा गरिएका व्यक्तिका कारण चुनावी आकर्षण र विमर्शलाई झनै सघन बनाएको छ।

विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिले सभापति गगनकुमार थापालाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरेको छ। कांग्रेसको विशेष महाधिवेशनले अघिल्लो महिनाको अन्त्यमा नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचन गरेको थियो। पार्टीका तत्कालीन महामन्त्री थापालाई नयाँ सभापति निर्वाचित गर्‍यो। नेपालकै ठूलो र सबैभन्दा पुरानो राजनीतिक दल कांग्रेसमा नयाँ प्रक्रिया विवादित विषयसमेत बन्यो। मामिला निर्वाचन आयोगमा पुग्यो। आयोगले विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता दियो। तथापि, मामिला सर्वोच्च न्यायालयसम्म पुग्यो। सर्वोच्चले अन्तरिम आदेश दिएन। अवस्था विचाराधीन रहे पनि नयाँ कार्यसमितिलाई काम गर्न बन्देज भएन। प्रतिनिधि सभाको टिकट वितरणलगायतका कार्य केन्द्रीय कार्यालयबाहिरै गरे पनि शुक्रबार पहिलो पटक नयाँ कार्यसमितिको बैठक पार्टी कार्यालयमा बस्यो।

सोही बैठकले सभापति थापालाई भावी प्रधानमन्त्रीको प्रस्ताव गरेसँगै निर्वाचनको माहोल अझ तातेको छ। यसअघि नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्रीको प्रस्ताव गरिसकेको छ। त्यसै गरी काठमाडौँ महानगरपालिकाका पूर्वप्रमुख बालेन्द्र (बालेन) शाहलाई राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीको प्रस्ताव गरेको छ। यस्तो प्रस्ताव नेपालमै नयाँ भने होइन। २०५६ सालको संसदीय निर्वाचनमा कांग्रेसले सन्तनेता कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्रीको प्रस्ताव गर्दै निर्वाचनमा गएको थियो। भट्टराई प्रधानमन्त्रीसमेत बने तर छिट्टै हटाइएको तथ्य विर्सन मिल्दैन।

कतिपय संसदीय मुलुकमा भावी प्रधानमन्त्रीको प्रस्ताव गरेरै निर्वाचनमा जाने अभ्यासले नेपालमा समेत यो निर्वाचनबाट अलि सघन देखिनु भने विमर्शकै विषय हो। औपचाढ रिक वा अनौपचारिक रूपमा भावी प्रधानमन्त्री अगाडि सार्ने अभ्यास बढ्दो छ। नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' पनि प्रधानमन्त्रीका रूपमा प्रस्तुत भएर चुनावी मैदानमा गएको बुझ्न सकिन्छ। पार्टीले निर्णय गरिसकेको छैनाप्रचण्डले घोषणा गरेकाहरु प्रधानमन्त्री नबनी अरु नै बन्ने भन्दै आफ्नो चासो बढेको छ। मूल कुरा भावी प्रधानमन्त्रीको उम्मेदवार अगाडि सार्नु र मतदातालाई प्रभाव पार्नु मात्र होइन, देशलाई बदल्ने मार्गचित्रको नीति, कार्यक्रम र योजना अगाडि सार्नु र जनमत आफ्नो पक्षमा पार्नु पनि हो। उम्मेदवारी मनोनयनसम्म कुनै पनि राजीतिक दलले घोषणापत्र ल्याएका छैनन्। यो नियमित निर्वाचन होइन। भदौ २३ र २४ गते भएको नवपुस्ता अर्थात् जेनजी विद्रोहले ल्याएको नयाँ राजनीतिक परिवेशमा यो निर्वाचन हुन गइरहेको छ।

जेनजी विद्रोहले सुशासनको माग गरेको छ। भ्रष्टाचारमुक्त समाज निर्माण गर्न चाहेको छ। देशभित्रै सबै नेपालीको भविष्य निर्माण गर्न सक्ने फराकिलो अर्थतन्त्र निर्माणको मार्गप्रशस्त चाहेको छ। आसन्न निर्वाचनले जेनजी विद्रोहका यी अन्तरनिहित लक्ष्य पूरा गर्न सक्ने गरी नेतृत्व निर्वाचित गर्नु पर्छ। प्रस्तावित भावी कार्यकारी प्रमुख तथा सम्बद्ध दलले ताजा जनादेशलाई विश्वास लिन सक्ने गरी आआफ्ना नीति, योजना र कार्यक्रम अगाडि सार्नु जरुरी छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाव |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कगर्नुहोस्।

# पश्चिम नेपालमा वर्षा र हिमपात सुरु

रासस
काठमाडौँ, १३ माघ

मंगलबार साँझ प्रवेश गरेको पश्चिमी न्यून चापीय प्रणालीका कारण हाल पश्चिम नेपालबाट वर्षा र हिमपात सुरु भएको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् वरुण पौडेलले हाल बैतडी र दार्चुला, चाँदनी दोधाराबाट वर्षा सुरु भएको र डोल्पा, हुम्लातिर हिमपात सुरु भएको जानकारी दिनुभयो।

उक्त प्रणालीका कारण राति थप वर्षा र हिमपात हुँदै प्रणाली पूर्व सर्दै आउने पनि उहाँले बताउनुभयो। पौडेलका अनुसार बुधबार बिहानैबाट देशभर नै बादल लाग्ने र काठमाडौँमा पनि हल्कादेखि मध्यमसम्म वर्षा गराउन सक्ने छ।

प्रणाली पूर्वतर्फ सर्दै आउँदा कोशी र मधेशमा अलि कम असर देखिने सम्भावना रहेको पनि उहाँले बताउनुभयो। पछिल्लो १ घण्टामा दार्चुलामा दार्चुला र बैतडीमा शून्य दशमलव आठ मिलिमिटर वर्षा भएको छ। विभागले साँझ सार्वजनिक गरेको विवरणमा आज राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बाँकी उच्च पहाडी तथा हिमाली भू-भागमा पूर्णतया बादल लाग्ने तथा बाँकी पहाडी र तराईका भू-भागमा आंशिक बादल लाग्नेछ छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा मध्यम हिमपात/वर्षा तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ।

साथै, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका एक-दुई स्थानमा भारी हिमपातको सम्भावना रहेको छ। यस्तै, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङको सम्भावना रहेको छ। बुधबार दिउँसो देशको उच्च पहाडी तथा हिमाली भू-भागमा पूर्णतया बादल लाग्ने र बाँकी पहाडी तथा तराईका भू-भागमा साधारणतया बादल लाग्ने छ।

देशको उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात/वर्षाको सम्भावना रहेको छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी भू-भागका केही स्थानमा मध्यम वर्षा तथा बागमती प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशका पहाडी भू-भागका थोरै स्थानमा र कोशी प्रदेशको तराईको एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको विभागले जानकारी दिएको छ।

# सिङ्गा तातोपानीमा बजार संरक्षण योजना कार्यान्वयनमा

पोखरापत्र संवाददाता
म्याग्दी, १३ माघ

म्याग्दी नदीको कटान र बाढीको जोखिममा रहेको बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा बस्ती संरक्षण योजना निर्माण सुरु भएको छ।

जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कार्यालय पोखराले सिङ्गा तातोपानीमा मसारटोलस्थित म्याग्दी नदी किनारमा बाढी र कटान रोकथामका लागि पक्की संरचना निर्माणको काम थालेको हो। कार्यालयका इन्जिनियर नरजङ गुरुङले हिउँद लागेर नदीमा पानीको सतह घटेपछि ठेक्का सम्झौता गरेको निर्माण कम्पनी कार्यक्षेत्रमा परिचालित भएको बताउनुभयो। म्याग्दी नदीलाई 'डाइभर्सन' गराएर जोखिमयुक्त ठाउँमा 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माणका लागि जग खन्न थालिएको उहाँले बताउनुभयो। एक सय दुई मिटर लामो, भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याबियन पर्खाल निर्माण गरिने भएको छ। रु तीन करोड ६८ लाख ८६ हजार चार सय ८६ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि आरआरसी/जेमी जेभीसँग रु दुई करोड ७१ लाख आठ सय ४४ मा २०८२ वैशाख १० गते ठेक्का सम्झौता भएको छ। विसं २०८३ असार २० गतेसम्मको ठेक्का अवधि रहेको योजना निर्धारित समयभित्रै सम्पन्न गर्ने लक्ष्यसहित उपकरण, मजदुर परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेको निर्माण कम्पनीका प्रतिनिधि रामचन्द्र कार्कीले बताउनुभयो।

विसं २०७८ मा म्याग्दी नदीमा आएको बाढीले तातोपानीस्थित फापरखेत र मसारमा कटान गरेको थियो। मसारमा दुईवटा घर भत्किएका थिए। फापरखेतमा रहेको सरस्वती मावि, ज्वालामाई भगवती आमा समूहको भवन र मसारको १७ घर नदी कटानको जोखिममा छन्। करिब एक सय घरपरिवारको बसोबास रहेको उपल्लो तातोपानी बजार पनि नदीको कटानको जोखिममा छ। यसअघि ग्याबियन पर्खाल निर्माण गरेर नदी नियन्त्रण गर्दिँदै आएकामा गत वर्षदेखि पक्की पर्खाल निर्माण गर्न थालिएको वडाध्यक्ष अणबहादुर खड्काले बताउनुभयो। प्राकृतिक उपचारस्थलका रूपमा परिचित तातोपानी म्याग्दीको प्रमुख पर्यटकीयस्थल पनि हो।

गत आव २०८१/८२ मा सङ्घीय र प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट म्याग्दी नदी किनारको फरकफरक ठाउँमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा र जलस्रोत, सिँचाइ तथा खानेपानी डिभिजन कार्यालयले पक्की पर्खाल निर्माण गरेका थिए। गत वर्ष सङ्घीय सरकारको बजेटबाट यसपालिको योजनाभन्दा माथिल्लो क्षेत्रमा (सरस्वती माविको पछाडि) ६६ मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल निर्माण भएको थियो। प्रदेश सरकारको बजेटबाट उपल्लो तातोपानी बजार पछाडि ४० मिटर लामो पलम, सेयर र ग्याबियन पर्खाल निर्माण भएको थियो। यसपालि प्रदेश सरकारले विनियोजन गरेको रु २० लाख बजेटबाट पनि सोही क्षेत्रमा नदी नियन्त्रणका लागि थप संरचना निर्माण अघि बढेको छ।

# जनज्योति माविका भूपू विद्यार्थीहरुको पुनर्मिलन कार्यक्रम हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



पोखरा महानगरपालिका २८ कालिकामा वि.सं. २०१६ सालमा स्थापना भएको श्री जनज्योति माध्यमिक विद्यालयका भूपू विद्यार्थीहरूको वृहत भेला तथा पुनर्मिलन कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ।

जनज्योति मावि भूपू विद्यार्थी मञ्च पोखरा-२८, कालिकाको आयोजनामा यही माघ २४ गते शनिबार पोखरा-२६ स्थित नमस्ते पार्टी प्यालेसमा आयोजना हुन लागेको भूपू विद्यार्थीहरूको बृहत् भेला, पुनर्मिलन तथा वनभोज कार्यक्रमको बारेमा जानकारी दिँदै जनज्योति मावि भूपू विद्यार्थी मञ्चका संयोजक कीर्तिबल्लभ त्रिपाठीले सबै पुस्ताका विद्यार्थीलाई एउटै सूत्रमा बाँध्ने, भावनात्मक सम्बन्ध पुनः जोड्ने र संस्थागत रूपमा संगठित हुने यो एउटा ऐतिहासिक अवसर रहेको बताए। भूपू विद्यार्थीहरूको यो भेला केवल भेटघाटमा सीमित नरही विद्यालयको भविष्यसँग जोडिने एउटा सशक्त पहल बन्ने विश्वास रहेको र पुस्तौँपुस्ताको सम्झना, अनुभव र योगदानलाई एउटै मञ्चमा जोड्दै जनज्योति स्कुलको महत्व र गरिमा अझ उचो बनाउने अपेक्षासहित कार्यक्रम आयोजना हुन लागेको संयोजक त्रिपाठीले बताए।

कार्यक्रमलाई सफल बनाउन जनज्योति मावि भूपू विद्यार्थी मञ्चका सह सयोजक श्याम प्रसाद तिमल्सेनाको संयोजकत्वमा राजेन्द्र अधिकारी,वालकृष्ण त्रिपाठी,शुक्रराज अधिकारी ,मनोहरि पौडेल,सागर अधिकारी रहेको ७ सदस्यीय आर्थिक तथा रजिस्ट्रेसन उप-समिति समेत गठन गरिएको छ।

मञ्चका सचिव गुरु प्रसाद त्रिपाठीले विद्यालय स्थापनादेखि हालसम्म यहाँ अध्ययन गरेका विद्यार्थीहरूबीच आपसी सद्भाव, भाइचारा र परिचय विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउँदै लामो समयपछि एउटै थलोमा भेला भएर पुराना सम्झना ताजा गर्ने, जीवनका अनुभव साटासाट गर्ने र विद्यालयप्रतिको अपनत्व अझ सुदृढ बनाउन कार्यक्रमको मूल अभिप्राय रहेको बताए।

मञ्चका सह सयोजक श्याम प्रसाद तिमल्सेनाका अनुसार हालसम्म जनज्योतिमा अध्ययन गरेका सबै भूपू विद्यार्थीलाई कार्यक्रममा सहभागी हुन पत्राचार तथा सूचना प्रवाह गरिएको तथा सामाजिक सञ्जाल, प्रत्यक्ष सम्पर्क र अन्य माध्यममार्फत सूचना पुऱ्याउने काम भइरहेको बताउँदै कार्यक्रममा सांस्कृतिक प्रस्तुति, आपसी परिचय, स्मरणीय क्षणको साझा र आगामी योजनाबारे छलफल समेत हुने बताए। कार्यक्रममार्फत यसअघि जनज्योति माविलाई आफ्नो शैक्षिक थलो बनाएका र हाल देश-विदेशका विभिन्न स्थानमा रहेर अध्ययन, व्यवसाय, सेवा तथा अन्य पेशामा संलग्न भूपू विद्यार्थीहरूको बृहत् सहभागिता सुनिश्चित गर्ने लक्ष्य लिइएको छ। आगामी दिनमा भूपू विद्यार्थीहरूबीच नियमित सम्पर्क, सहयोग र सहकार्य कायम गर्दै विद्यालयको शैक्षिक, भौतिक तथा सामाजिक विकासमा थप टेवा पुऱ्याउने दीर्घकालीन उद्देश्य समेत मञ्चले अघि सारेको छ।

वि.सं. २०१६ सालमा स्थापना भएको जनज्योति माध्यमिक विद्यालय २०२६ सालदेखि एसएलसी परीक्षामा समावेश हुँदै आएको छ। दशकौँ लामो शैक्षिक यात्रामा यस विद्यालयबाट अध्ययन गरेका हजारौँ विद्यार्थी आज देशका विभिन्न क्षेत्रमा स्थापित र सफल व्यक्तित्वका रूपमा परिचित छन्। विद्यालयमा भर्ना भई बीचमै अध्ययन छोडेका विद्यार्थीहरू समेत गरी करिब दुई हजार भूपू विद्यार्थी तथा तीन पुस्ताका एक हजारभन्दा बढी विद्यार्थी कार्यक्रममा सहभागी हुने आयोजकको अपेक्षा छ। माछापुच्छ्रे हिमालको सम्मुखमा अवस्थित जनज्योति माध्यमिक विद्यालय प्राकृतिक सौन्दर्यसँगै शैक्षिक गरिमाका कारण कास्की जिल्लाकै विशिष्ट विद्यालयका रूपमा चिनिन्छ। ग्रामीण परिवेशमा स्थापना भएर पनि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यस विद्यालयले समाज रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएको स्थानीयको भनाइ छ। अनुशासन, मेहनत र सामाजिक मूल्यमा आधारित शिक्षाले यहाँका विद्यार्थीलाई सक्षम नागरिक बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

# नेपाल प्रहरी गण्डकी प्रदेशको टीम आदर्श कपको फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ

नेपाल प्रहरी गण्डकी प्रदेशको टीम २६ औं आदर्श कपको फाइनलमा प्रवेश गरेको छ।

कास्कीको लेखनाथमा माघ ९ देखि सुरु भएको २६ औं संस्करणको आदर्श कप फुटबल प्रतियोगिता अन्तर्गत मंगलवारको सेमीफाइनल खेलमा तनहुँ जिल्ला फुटबल विकास समितिको टिमलाई पराजित गरी फाइनलमा स्थान सुरक्षित गरेको हो।

यससँगै प्रहरीको टिमले बुधवारको खेलमा होराइजन क्लब स्याङ्जा र जिल्ला खेलकुद विकास समिति म्याग्दीको टिम मध्येको विजेता टिमसँग १६ गते हुने फाइनलमा भिड्ने छ। नेपाल प्रहरी गण्डकी प्रदेशको टीमका जर्सी नं १० का खेलाडी विवेक गुरुङले खेलको ३० औं मिनेटमा गरेको गोल नै खेलको निर्णायक गोल बनेको थियो। मंगलवारको खेलमा नेपाल प्रहरीका जर्सी नं ४४ का खेलाडी रोजल दाहाल म्यान अफ द म्याच बन्न सफल भई पाँच हजार पुरस्कार प्राप्त गरेका थिए। २६ औं आदर्श कप फुटबल प्रतियोगितामा प्रथम हुने टोलीले रु. ४ लाख ९९ हजार ९सय ९९ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र तथा दोस्रो हुने टोलीले रु. ३ लाख ३३ हजार ३सय ३३ नगदसहित




शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. -१३, छापाको चौतारा आमा समूह भवन मर्मत सम्भार गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः छापाको चौतारा आमा समूह भवन मर्मत सम्भार
ठेगानाः पोखरा-१३, छापाको चौतारा
योजना सम्झौता मिति : २०८२/०८/०४ गते
योजना सुरु मितिः २०८२/०८/०५ गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/१३ गते
योजनाको कुल लागतः रु. ५,५५,५५६।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५६।-
उपभोक्ता समिति अध्यक्षः सिता सुनार
सम्पर्क नं.: ९८६१७८०५५०

**वातावरण संरक्षण आमा समूह उपभोक्ता समिति**
**पोखरा-१३, छापाको चौतारा**

# पैँतालिस वर्षदेखि भाँडाको भारी बोकेर व्यापार गर्दै सिन्धुपाल्चोकका व्यापारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ माघ



सिन्धुपाल्चोकका ६० वर्षीय फूलबहादुर तामाङ विसं २०३७ देखि भाँडाको भारी बोकेर म्याग्दीका गाउँमा पुगी पुराना भाँडासँग साट्ने तथा बिक्री गर्ने काम गर्दै आउनुभएका छ । सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-८ का फूलबहादुरसहित अन्य तीन जना व्यापारीले भाँडा बिक्री गर्न ४५ वर्षदेखि घुमन्ते जीवन बिताइरहनुभएको हो ।

धादिङका चेतबहादुर विक र विसु गुरुङ पनि तामाङसँगै पिँठ्यूमा डोकाभरि भाँडा बोकेर बिक्री गर्न म्याग्दीको सदरमुकाम बेनीसहित यहाँका छवटै स्थानीय तह सबै बस्तीमा पुग्ने गरेका विसु गुरुङले बताउनुभयो । उहाँहरूले पर्वतको अर्मादीमा भाँडाभण्डारण गरेर राख्नुभएको छ । गाउँमा तीन छोरा र श्रीमती भएका तामाङलाई आफ्ना पुर्खाले कहिलेदेखि घुमन्ते व्यापार गर्न थालेका हुन् भन्ने यकीन छैन । तर, पनि बाबुबाजेको पालादेखि यही पेसा गर्ने गरेकाले आफूले पनि निरन्तरता दिएको फूलबहादुरले बताउनुभयो । पहिलो पटक १४ वर्षको उमेरमा बाबासँग भाँडा बोकेर व्यापारमा निस्केका तामाङ अहिलेसम्म पनि त्यही पेसामै हुनुहुन्छ । गुरुङ मङ्सिरको अन्तिम साता धादिङबाट पर्वतको अर्मादी आउनुभएका थियो । आफ्नो समूहले चैतको पहिलो सातासम्म यही क्षेत्रमा व्यापार गरेपछि पुनःगाउँ फर्केर अर्को ठाउँमा व्यापारका लागि हिँड्ने योजना बनाउने गरेको उहाँले जानकारी दिनुभयो । डोकोमा नयाँ भाडा ल्याएर गाउँमा गएर कोही बेच्ने कोही साट्ने गर्ने सिन्धुपाल्चोकका व्यापारीको पुस्तेनी काम हो । "आफ्नो नयाँ सामान र ग्राहकसँगको पुरानो सामानको पनि मूल्य निर्धारण गर्छौं र बराबर मूल्य परेमा पुरानो लिएर नयाँ सामान दिन्छौं । यदि मूल्य नयाँको कम परेमा आफूहरूले दिने र पुरानोको कम भएमा ग्राहकसँग रकम लिएर साट्ने गरिन्छ", उहाँले भन्नुभयो ।

गुरुङले व्यापार पहिला जस्तो नभएकाले आम्दानी पनि घटेको बताउनुभयो । वर्षमा एकपटक पर्वत, बागलुङ, म्याग्दीलगायत क्षेत्रमा व्यापारका लागि आउने जनाउँदै उहाँले सबै खर्च कटाएर मासिक रु २० देखि २५ हजारसम्म जोगिने उल्लेख गर्नुभयो । आधुनिक प्रविधिको विकाससँगै मानिस छिटो र भरपर्दो सेवाको प्रयोगमा लाग्छन् । आफ्ना आवश्यकता परिपूर्ति गर्न आधुनिक स्रोतसाधनको प्रयोग बढेको छ । सडक यातायातको विकासले गाउँघरमै सुविधा पाएपछि ग्रामीण क्षेत्रका स्थानीय बासिन्दा आफैँ बजार झरेर नयाँ भाँडा किन्ने गर्छन् । केही वर्षअघिसम्म पुराना भाँडा सबैका घरघरमा देखिन्थे । भाँडा साटफेर गर्नेहरु गाउँगाउँमा भाँडा साट्दै हिँड्ने गर्दथे । आजभोलि गाउँघरतिर डोकोमा भाँडो बोकेर हिँडेको बिरलै भेटिन्छन् ।

# प्रज्ञान मोटर्सको शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ




बागलुङमा नयाँ व्यवस्थापनका साथ महिन्द्रा एण्ड महेन्द्रा कम्पनीको आधिकारिक सर्भिस सेन्टर सँचालनमा आएको छ ।

यातायातको क्षेत्रमा लामो समयदेखि सक्रिय रहदै आउँनु भएका बागलुङ नगरपालिका वडा नम्बर ११ रायडाँडा निवासी चित्रबहादुर केसीले बानपा १ रामरेखामा प्रज्ञान मोटर्स संचालनमा ल्याउनु भएको हो । बिषेश गरि महिन्द्रा कम्पनीका गाडिलाई लक्षित गरि १ करोड ५० लाखको लगानिमा सर्भिस सेन्टर संचालनमा ल्याएको प्रज्ञान मोटर्सका प्रोपाइटर समेत रहनु भएका केसीले बताउनुभयो । महिन्द्रा कम्पनीका गाडिको मर्मत गर्ने गरि अग्नी ग्रुप अन्तरगत बालाजु अटो वर्क्स काठमाण्डौ र बिवि इन्कर्पोरेट प्रालि पोखराको समन्वयमा सर्भिस सेन्टरको शुभारम्भ गरिएको डाइरेक्टर प्रताप केसीले बताउनुभयो । सर्भिस सेन्टरमा दक्ष तथा तालिम प्राप्त जनशक्तिद्धारा मर्मत सेवा प्रदान गरिने र नयाँ तथा आधुनिक प्रवृद्धिमैत्री बातावरणमा सेवाग्राहीलाई सर्व सुलव सेवा उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो । जेनुन स्पीयर पार्टस तथा ल्युविकेन्टस पनि उललब्ध रहेको उहाँको भनाई थियो ।

प्रज्ञान मोटर्सको शुभारम्भ गर्दै महिन्द्रा एण्ड महेन्द्रा अप्टर सेल्स कन्ट्री म्यानेजर सोमनाथ धरले छिटो छरितो सेवा प्रवाहलाई ध्यान दिन आवश्यक रहेको बताउनुभयो । उहाँले सेवाग्राहीले कुनै पनि गुनासो नगर्ने गरि काम गर्न आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा बिवि इन्कर्पोरेट प्रालि पोखराका बिजनेश प्रमुख राजेश रानाभाट, बागलुङ नगरपालिका वडा नम्बर ११ का अध्यक्ष ज्ञानेन्द्र गौतम, बागलुङ उद्योग बाणिज्य संघका अध्यक्ष राजनकुमार शाक्य र बालाजु अटोवर्क्स प्रालिका प्रोभिन्स म्यानेजर सन्तोष सुवेदीले मंतव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रम प्रज्ञान मोटर्सका प्रोपाइटर चित्रबहादुर केसीको अध्यक्षता, डाइरेक्टर प्रताप केसीको स्वागत र धौलागिरि एफएमका सम्पादक ताराप्रसाद शर्माको सचालनमा सम्पन्न भएको थियो ।

# 'ब्लु हिल'मा पर्यटकीय पूर्वाधार निर्माण गरिँदै

**रासस**
बागलुङ, १३ माघ



बागलुङ नगरपालिकाको गौरवको आयोजनाका रूपमा रहेको बागलुङ नगरपालिका-९ स्थित 'ब्लु हिल'मा अहिले पूर्वाधार निर्माणलाई तीव्रता दिइएको छ । आगामी असार मसान्तसम्म दुई करोड ५० लाख बराबरको भौतिक संरचना तयार हुनेगरी तीव्र गतिमा निर्माण भइरहेको हो ।

यसअघि बागलुङ नगरपालिकाले जग्गा व्यवस्थापन, शौचालय तथा सत्तल निर्माणमा रु ७० लाख खर्च गरिसकेको छ । आँखैअघि देखिने दुई दर्जन हिमशृङ्खला र बागलुङ बजारको दृश्यले बागलुङको डोयलाई पर्यटकीय केन्द्र बनाउनका लागि नगरपालिकाले ' ब्लु हिल' नामकरण गरेको थियो ।

ब्लु हिललाई धार्मिक तथा पर्यटकीय गन्तव्य बनाउनका लागि पूर्वाधार निर्माण गत वर्षदेखि थालिएको हो । रु २५ करोडको पूर्वाधार बनाउने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा उल्लेख गरिएको छ । गत वर्ष पहिलो चरणअन्तर्गत रु ७० लाखको र चालु आवमा दोस्रो चरणअन्तर्गत रु दुई करोड ५० लाखको काम भइरहेको बागलुङ-९ तित्याङका वडाध्यक्ष राजु थापाले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले ब्लु हिलमा निर्माण गर्ने २० फिट शिवको मूर्ति राख्नका लागि आवश्यक दुईतला पक्की भवन बनाउने काम भइरहेको छ । डोयको निलो पहाडलाई ब्लु हिलका रूपमा परिणत गर्न नगरपालिकाले बजेट विनियोजन गरी लगानी गरिरहेको छ । यस वर्ष रु दुई करोड ५० लाखको पूर्वाधारसहित शिवमूर्ति निर्माण गर्न निर्माण कम्पनी क्वालिसट रिन्युयबल इनर्जीले तीव्रताका साथ काम गरिरहेको छ । प्राकृतिक क्षेत्रमा धार्मिक पूर्वाधार बनाएर पर्यटक भित्र्याउने उद्देश्य राखिएको बागलुङ नगरपालिकाले जनाएको छ । पर्यटकीय गन्तव्य बनाउन बागलुङ नगरपालिकाले गत वर्षदेखि नगरकै गौरवको योजनाका रूपमा डोयको पहाडलाई ब्लु हिल नामकरण गरेर पर्यटकीय पूर्वाधार निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अघि बढाएको थियो । मनोरम प्राकृतिक सौन्दर्यता भएको डोयको डाँडालाई नगरपालिकाले 'ब्लु हिल' नामकरण गरेपछि नगरपालिकाले लगानी गरिरहेको बागलुङ-९ का वडाध्यक्ष थापाले जानकारी दिनुभयो । "नगरकै ठूलो लगानीमा पूर्वाधार निर्माण थालिएको छ, हामीले पहाडमाथि शिवमूर्ति बनाएर धार्मिक पर्यटक र प्रकृतिप्रेमी पर्यटक भित्र्याउने उद्देश्य राखेका छौँ, ठूलो पूर्वाधार बने पनि स-साना पूर्वाधार पछि बन्दछन्", उहाँले भन्नुभयो, "पर्यटकीय गन्तव्य बनेपछि अन्य पूर्वाधारले प्राथमिकता पाउनेछन्, त्यहाँ पुग्ने सडक भने सुधारको आवश्यक छ ।" ब्लु हिल पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न रु २४ करोड ५६ लाख २२ हजारको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरेको थियो । गत वर्ष जग्गा सम्याउने, पर्खाल लगाउने, सत्तल निर्माण गर्ने र शौचालय बनाउने काम सम्पन्न भएको गियो । यस क्षेत्रमा वनभोजस्थल, ध्यानकेन्द्र, दृश्य अवलोकनस्थल, जिमहल, मन्दिर, पार्किङलगायत अतिरिक्त पूर्वाधार निर्माण गर्ने डिपिआरमा उल्लेख छ । दृश्यावलोकनका लागि ब्लु हिलमा आन्तरिक पर्यटक पुऱ्याउन नगरपालिकाको ठूलो लगानी भइरहेको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । नगरपाकिलाको उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न नगरपालिकाले आन्तरिक बजेटबाट ठूलो लगानी गरिरहेको बताउँदै ब्लु हिलमा थामिनसक्नु धार्मिक पर्यटक भित्रने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

"नगरपालिकाभित्रको पर्यटकीय सम्भावना बोकेको डोय प्राकृतिक रूपमा सुन्दर र हरियाली छ । आँखै अगाडि हिमाल र बागलुङ बजार देखिन्छ । प्रकृति र धर्मलाई सँगै जोडेर पर्यटक भित्र्याउनेगरी पक्की संरचना निर्माणले गति लिएको छ । अहिले एकसाथ १६ वटा खम्बा खडा गरिएको छ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "ब्लु हिल स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्नेगरी नामकरण गरेका छौँ । मौसम खुलेको समयमा यहाँ आउने जो-कोहीले हरियाली पहाडबाट धौलागिरि, माछापुच्छ्रे, नीलगिरि अन्नपूर्णलगायत दुई दर्जन हिमालसँगै बागलुङ बजार देख्न सकिन्छ ।" समुन्द्री सतहबाट करिब दुई हजार २०० मिटरको उचाइमा पर्यटकीय पूर्वाधार निर्माण गर्न थालेपछि ब्लु हिलले चर्चा पाउन थालेको छ । विस्तृत परियोजना प्रतिवेदनका अनुसार योजनाले पूर्णता पाउन भने समय लाग्नेछ ।

# बसको उत्खनन स्थगित

**रासस**
तनहुँ, १३ माघ

तनहुँको आबुखैरेनी गाउँपालिका-५ दोन्द्राङवेसीस्थित त्रिशूली नदीमा किनारमा भेटिएको गणपति डिलक्स बसको उत्खननकार्य आजदेखि स्थगित गरिएको छ ।

उत्खनन सुरु भएको १७औँ दिनमा स्थगित गर्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो । बसको केही भाग पानीबाट निकालिएको र बाँकी भाग निकाल्न समस्या भएपछि काम रोक्ने निर्णय गरिएको उहाँले बताउनुभयो । गत पुस २६ गते त्रिशूली नदीमा बस भेटिएपछि पुस २७ गतेदेखि सुरु गरिएको उत्खनन कार्यको सोह्रौँ दिन हिजो बसभित्र मानव कङ्काल भेटिएको थियो । बसको भित्री भागबाट मानव कङ्काल भेटिएको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताउनुभयो । विसं २०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत सिमलताल क्षेत्रमा गएको लेदोसहितको पहिरोमा परी काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको 'गणपति डिलक्स' बस नदीमा हराएको थियो ।

# विद्यार्थीलाई लायन्स फेवा फुलवारीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ



लायन्स क्लव अफ पोखरा फेवा फुलबारीले पोखराका दुई वटा सामुदायिक विद्यालयमा शैक्षिक सामाग्री वितरण गरेको छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको शैक्षिक गतिविधीमा सहयोग पुर्याउने उद्धेश्यले पोखराको आटीघर स्थित सीता आधारभुत विद्यालय र ज्ञानोदय रघु आधारभूत विद्यालयका करिव ३० जना विद्यार्थीलाई विद्यालय झोलासहित शैक्षिक सामाग्री प्रदान गरिएको क्लवका अध्यक्ष लायन गोविन्द अधिकारीले जानकारी दिए । सो सामाग्री शिक्षासेवी अञ्जु कँडेल, क्लवका पूर्व अध्यक्ष लायन माधव प्रसाद कँडेल,लायन राम पौडेललगायतले वितरण गरे । कार्यक्रममा शिक्षासेवी कँडेलले शिक्षा, स्वास्थ्य जस्ता मानवीय सेवाका क्षेत्रमा लायन्स क्लवले खेलेको भुमिका अनुकरणीय रहेको बताईन् । क्लवका अध्यक्ष गोविन्द अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सीता आधारभूत विद्यालयका प्रधानाध्यापक गणेश सुवेदी,ज्ञानोदय रघु आधारभूत विद्यालयका प्रधानाध्यापक सागर केसी, शिक्षक शारदा अधिकारीले सहयोगले विद्यार्थीको मनोवललाई उच्च बनाएको बताए । सोही अवसरमा विपन्न अवस्थाकी मानसिक रोगबाटग्रस्त एक महिलाको परिवारलाई आर्थिक सहयोग समेत प्रदान गरिएको क्लवले जनाएको छ । कार्यक्रममा पुर्व अध्यक्ष माधव कँडेलले आफ्नो जन्मदिनको अवसरमा क्लवको सामाजिक कार्यका लागि नगद १० हजार सहयोग प्रदान गरे ।

कोषाध्यक्ष दिनेश आचार्यले संचालन गरेको कार्यक्रममा अभिभावकहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

# पर्वतमा कुष्ठरोगीको सङ्ख्या घट्दै

**पोखरापत्र संवाददाता**
पर्वत, १३ माघ

जिल्लामा पछिल्ला केही वर्षयता कुष्ठरोगीको सङ्ख्या घट्दै गएको छ । अहिले जिल्लामा चार जनामात्रै कुष्ठरोगी रहेका प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतले जनाएको छ । हाल चारैजना उपचाररत छन् ।

तीन जनाले प्रदेश अस्पतालबाट नियमित उपचार तथा औषधि सेवन गरिरहेका छन् भने एक जनाले विहादीमा रहेको स्वास्थ्य केन्द्रवाट औषधि सेवन गर्दै आएका कार्यालयले जनाएको छ । त्रिहत्तरौँ विश्वकुष्ठरोग दिवसका अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतले आयोजना गरेको अन्तर्क्रियामा आर्थिक वर्ष २०७९/८० मा १५ जना कुष्ठरोगी रहेकामा सबै निको भइसकेका छन् । आव २०८०/८१ मा छ जना नयाँ बिरामी पत्ता लागेका थिए । चालु आवको छ महिनासम्म चार जना पत्ता लागेकामा सबै उपचाररत रहेका कार्यालय प्रमुख बद्रीराज आचार्यले जानकारी दिनुभयो । पछिल्लो समय जनचेतना अभिवृद्धि हुँदै जानु, जाँच तथा खोजपड्तालको कार्यक्रम कम हुनुलगायत कारणले कुष्ठरोगीको सङ्ख्या घट्दै गएको उहाँको भनाइ छ ।

कुष्ठरोगको जाँच तथा खोजीकार्य निकै झन्झटिलो रहेको बताउँदै अर्कोतर्फ बिरामी खुल्न नचाहने र समाजले हेर्ने दृष्टिकोणका कारण पनि समस्या भएको जिल्ला अस्पतालका डा मिलन अवालेले उल्लेख गर्नुभयो । धार्मिक ग्रन्थले गरेको व्याख्या र सामाजिक दृष्टिकोणका कारण रोग लुकाउने समस्या समाजमा व्याप्त रहेको उहाँको भनाइ छ । कतिपय बिरामी सम्पर्कमा आउन नचाहेको पनि देखिएको छ । कुष्ठरोग निवारणका लागि नयाँ कुष्ठरोगीको पहिचान गर्ने, उपचार गराइसकेका ठाउँमा फेरि जाँचबुझ गर्ने, विद्यालयमा सचेतनामूलक कार्यक्रम गर्ने र समयमै नागरिकलाई सुसूचित गराउँदै आएको कार्यालय प्रमुख आचार्यले बताउनुभयो ।

कुष्ठरोगका बारेमा समाजमा अझै पनि गलत धारणा रहेको बताउँदै समयमै उपचार गर्नसके कुष्ठरोग निको हुने डा अवालेले जानकारी दिनुभयो ।

सदरमुकाम कुश्मा आसपासका बिरामी रहेकाले जनचेतनासँगै बिरामीको उपचार गराउने उदाशिनताका कारण यो रोग निर्मूल पार्न नसकिएको उहाँको भनाइ छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति पर्वतका प्रमुख विष्णुराम विकले जुनसुकै रोग लागे पनि व्यक्ति संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो । कुष्ठरोगलाई पनि अन्य रोगसरह हेर्नुपर्ने बताउँदै यसका लागि समाजमा सचेतना फैलाउन जरुरी रहेको उहाँको भनाइ छ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की**

**खडा रूख लिलाम बिक्री सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/१४**

**यस विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको पोखरा-२० (साविक भलाम-३) स्थित कि. नं. ८८१ मा रहेका चिलाउने, चाँप, आँप प्रजाति समेत जम्मा १९ वटा खडा रुखहरु (छपान मूल्याङ्कन परिमाण अनुसारको २६५.२८ घ. फि. काठ र १.२३ चट्टा दाउरा) आफ्नै खर्चमा कटान, मुछान, सङ्कलन गरी उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म बोलपत्र खरिद गरी १६ औं दिन शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि विद्यालयमा वा मोबाइल नं. ९८४६६०३११० मा सम्पर्क राख्न सकिने छ ।**

**प्रधानाध्यापक**